# स्थानीय सरकार
# कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
विर्घा, स्याङ्जा
स्थापित २०७३

पत्र संख्याः २०८२/८३
चलानी नं. ८६२

गण्डकी प्रदेश, नेपाल

मितिः२०८२।१२।०३

श्री वडा कार्यालयहरु सबै

स्थानीय सरकार
कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
२०७३

विषयः अण्डामा आत्मनिर्भर कार्यक्रम तथा लेयर्स कुखुरापालन कार्यक्रम सम्बन्धी सार्वजनिक सूचना।

प्रस्तुत विषयका सम्बन्धमा यस कालीगण्डकी गाउँपालिको आ.व ०८२।८३ को **वार्षिक आमा बालबालिका तथा किशोरीहरुको पोषण सुधार कार्यक्रम** शीर्षक अन्तर्गत  सुनौला हजार दिनका आमाहरुलाई चल्ला वितरण तथा अण्डामा आत्मनिर्भर कार्यक्रम अनुसार पोषण सुधारका लागी अण्डामा आत्मनिर्भर  तथा लेयर्स कुखुरापालन कार्यक्रमबाट कालीगण्डकी गाउँपालिका भित्रका सुनौला हजार दिनका महिला तथा किशोरीका लागि पोषणमा टेवा पुर्याउनका निम्ती यस गा.पा भित्रका लेयर्स कुखुरापालन गर्न इच्छुक सुनौलो हजार दिनका महिला तथा तिनका घरपरिवार र व्यवसायिक कुखुरापालक कृषकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कम्तीमा १०० देखि १००० वटा सम्म  लेयर्स कुखुरापालन गर्न चाहने कृषकले तोकिएको ढाँचामा यस कार्यालयमा निवेदन पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ।

**पालिकाबाट सञ्चालन हुने कार्यक्रमः–**

१.लेयर्स कुखुरापालन गर्न इच्छुक कृषकहरुलाई गोठ खोर अनुगमन र सहुलियत दरमा अण्डा उपलब्ध गराउने शर्तमा उच्च अण्डा उत्पादन क्षमता राख्ने लेयर्स जातका चल्ला साथै खोप औषधी लगायत प्राविधिक सेवा निशुल्क रुपमा उपलब्ध गराइनेछ।

**कार्यक्रममा समावेश हुन आवश्यक शर्तहरुः**

१. सुनौलो हजार दिनका महिला बालबालिका किशोरी तथा तिनका घरपरिवारलाई लेयर्स कुखुरापालन कार्यक्रममा विशेष प्राथमिकता दिइनेछ।

२.हालको अवस्थामा कुखुरापालन गरिरहनु भएका इच्छुक अन्य व्यवसायिक कृषकहरुले पनि कालीगण्डकी गा.पा को स्वास्थ्य चौकीको रेकर्ड अनुसार रहेका सुनौलो हजार दिन भित्रका महिला बालबालिका किशोरीहरुलाई सहुलियत दर तथा अण्डाको प्रचलित मुल्यको कम्तीमा ३० प्रतिशत कम मुल्यमा अण्डा उपलब्ध गराउने लिखित प्रतिबद्दता जाहेर गरि खोरको मापदण्ड कम्तीमा प्रति चल्ला २ बर्गफुट र जैविक सुरक्षा मैत्री सुधारिएको गोठखोर हुनुपर्नेछ।

- थप जानकारीको लागिः–पशु सेवा शाखा प्रमुख श्री राजेश पाण्डे ९८५७६३०६३२ स्वास्थ्य शाखा प्रमुख श्री एक बहादुर थापा ९८५६०५५८२०

०८२।१२।०३

...राज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

**Email:** kaligandakiruralmunicipality@gmail.com, **Website:** www.kaligandakimunsyangja.gov.np

## पोषण प्रबर्द्धनका लागि अण्डामा आत्मनिर्भर तथा लेयर्स कुखुरापालन कार्यक्रमका लागि १०० देखि १००० सम्म चल्ला मागका लागि कृषकले गाउँपालिकामा दिने निवेदनको ढाँचा

मिति २०८२।.......।...........

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
कालीगण्डकी गाउँपालिका
विर्घा स्याङ्जा

विषयः अण्डामा आत्मनिर्भर कार्यक्रममा समावेश गरिदिने बारे।

प्रस्तुत विषयका सम्बन्धमा कालीगण्डकी गाउँपालिकाको आ.व ०८२।८३ को आमा बालबालिका तथा किशोरीहरुको पोषण प्रबर्द्धनका लागि वार्षिक संघीय विशेष अनुदान तर्फको कार्यक्रम अन्तर्गत अण्डामा आत्मनिर्भर कार्यक्रम तथा लेयर्स कुखुरापालन कार्यक्रमका लागि इच्छुक भएको र मेरो खोर लेयर्स कुखुरापालन गर्न व्यवस्थापन भएको ..... ...... वा अब तत्कालै बनाउने.......... र हाल कुखुरा सँख्या........ ...वा स्थानीय कुखुरा सँख्या .................... भएको हुँदा मलाई यस कार्यक्रममा समावेश गरिदिनुहुन सविनम्र अनुरोध गर्दछु।

निवेदक
हस्ताक्षर..............
कृषकको नामथर..........................
फर्मको नामः..............................
ठेगाना गाउँ टोल......................
सम्पर्क नम्बर ..........................

लेयर्स चल्ला पालन गर्नका लागि सँलग्न गर्नुपर्ने कागजपत्रहरुः

१. नागरिकतको प्रतिलिपि
२. तोकिएको ढाँचा अनुसारको निवेदन
३. वडाको सिफारिस
४. लेयर्सपालक कृषकले सुनौलो हजार दिनका आमाहरुलाई अण्डाको प्रचलित मुल्यको ३० प्रतिशत सहुलियत दरमा अण्डा उपलब्ध गराउने प्रतिबद्धता पत्र
५. खोर भित्र प्रति गोटा चल्लाको लागि कम्तीमा २ बर्गफुट खोरको space भएको हुनुपर्नेछ।